प्रतिदिन १८ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१८ ।। अङ्क : ०१७ ।। २०८२ फागुन ०४ गते सोमबार (16th Feb 2026 Monday) **Pratidin** National Daily मूल्य–रु.५/-

# कुन राजनीतिक दलको कस्तो चुनावी घोषणापत्र ?



झापा । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुन लागेका चार दलले आइतवार घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोगमा बुझाएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) र नेपाल मजदुर किसान पार्टीले चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायतका दलले केही दिन पहिला घोषणापत्र सार्वजनिक गरिसकेका छन् ।
आयोगको निर्देशनबमोजिम विभिन्न दल र उम्मेदवारले घोषणापत्र बुझाउन थालेको र विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिए ।
नेपाली कांग्रेसले आइतवार काठमाडौंमा घोषणापत्र सार्वजनिकको तयारी गरे पनि स्थगन गरी यही फागुन ६ गते मधेस प्रदेशबाट सार्वजनिक गर्ने तय गरेको सो पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले फागुन ७ गतेभित्र घोषणापत्र सार्वजनिकको तयारी गरेको सो पार्टीका निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले जानकारी दिए ।

## गाडी चढ्ने क्रममा युवतीलाई छारे रोगले भेटेपछि .......

झापा, फागुन ३ । गाडी चढ्ने क्रममा छारे रोगले भेटेपछि दमककी एक युवतीको ललितपुरमा मृत्यु भएको छ । मेचीनगर नगरपालिका १० घर भई दमक ४ संगम टोलस्थित मामा कृष्णबहादुर अधिकारीको घरमा पढ्दै बस्दै आएकी दुर्गाबहादुर पोखेलकी छोरी बर्ष अन्दाजी २२ की खुशी पोखेलको छारे रोगका कारण ललितपुरमा मृत्यु भएको हो । गत माघ २२ गते खुशीलाई उपचार गराउन उनका मामाले ललितपुर सानापोखरीस्थित झाक्रीकोमा लगेका थिए । उपचार गराई फागुन १ गते घर फर्किने क्रममा सोही स्थानमा गाडी चढ्ने क्रममा पुनः छारे रोगले भेटेपछि सोही स्थानमा नै उनको मृत्यु भएको हो । मृतकको शव शनिवार विहान ५ बजे दमक ४ संगम टोलस्थित मामा घरमा ल्याई राखेको भनेर स्थानीयले खबर गरेपछि प्रहरी गएको थियो । आवश्यक अनुसन्धान तथा कानुनी प्रकृया पूरा गरेपछि पोष्टमार्टमपश्चात् सदगतको लागि मृतकका मामा कृष्णबहादुर अधिकारीले शव बुझिलगेको प्रहरीले जनाएको छ ।

## उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर्ने रास्वपाको वाचा




झापा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी पाँच वर्षका लागि आफ्नो स्पष्ट मार्गचित्रसहितको नागरिक करार सार्वजनिक गरेको छ । नागरिकको मतलाई लगानीको रूपमा परिभाषित गर्दै पार्टीले पाँच वर्षभित्र ठोस प्रतिफल दिने वाचासहित यो विशेष अवधारणा अघि सारेको हो।
रास्वपाले सदाचार, आर्थिक समृद्धि, रोजगारी, पूर्वाधार र प्रवास गरी मुख्य पाँच क्षेत्रलाई प्राथमिकतामा राखेर आफ्ना योजनाहरू प्रस्तुत गरेको छ।
पार्टीले सदाचार र असल शासनलाई पहिलो प्राथमिकतामा राख्दै भ्रष्टाचार विरोधी महाअभियानमार्फत पारदर्शी राज्य संयन्त्र निर्माण गर्ने सङ्कल्प गरेको छ। यस अन्तर्गत सरकारी सेवाहरूलाई पूर्ण रूपमा डिजिटल बनाउँदै सेवाग्राहीले भोग्नुपर्ने झन्झट अन्त्य गर्ने र वि.सं.२०४६ देखिकै उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने योजना करारनामामा उल्लेख छ।
आर्थिक समृद्धितर्फ पार्टीले नेपालको प्रतिव्यक्ति आयलाई ३ हजार अमेरिकी डलर र कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकारलाई १०० अर्ब डलर पुर्‍याउने लक्ष्य लिएको छ। नागरिकको जन्मदेखि मृत्युसम्मका आधारभूत आवश्यकतालाई सम्बोधन गर्न एकीकृत सामाजिक सुरक्षा र शतप्रतिशत बिमासहितको गुणस्तरीय स्वास्थ्य सेवा दिने प्रतिबद्धता समेत जनाइएको छ।
युवा पलायनको समस्या समाधान गर्न रास्वपाले आगामी पाँच वर्षभित्र सूचना प्रविधि, निर्माण, पर्यटन, कृषि र उद्योगका क्षेत्रमा १२ लाख नयाँ मर्यादित रोजगारी सिर्जना गर्ने योजना बनाएको छ। पूर्वाधार विकासका सन्दर्भमा १५ हजार मेगावाट विद्युत् उत्पादन, ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माण र १० वटा राष्ट्रिय महत्वका सिग्नेचर आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
त्यस्तै, विदेशमा रहेका नेपालीहरूको योगदानलाई कदर गर्दै उनीहरूका लागि अनलाइन मताधिकार र वंशजको नागरिकताको निरन्तरता सुनिश्चित गर्ने विषयलाई पार्टीले विशेष जोड दिएको छ ।

रास्वपाले यदि आफूले एकल बहुमत पाएर पनि यी प्रतिवद्धताहरू पूरा गर्न नसकेमा, आगामी निर्वाचनमा नागरिकले राजनीतिक नैतिकताका आधारमा आफूहरूलाई सजाय दिन सक्ने र सो आफूहरूलाई मन्जुर हुने बताएको छ।
काबु बाहिरको परिस्थिति बाहेक सबै वाचा पूरा गर्ने प्रतिबद्धता जनाउँदै रास्वपाले यस दस्ताबेजलाई नागरिकको राजनीतिक विश्वासको ऋणको रूपमा व्याख्या गरेको छ।

## ९ लाखलाई रोजगारी दिने उज्यालोको वाचा




झापा । उज्यालो नेपाल पार्टीले प्रतिनिधि सभा निर्वाचनका लागि आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । 'गफ होइन काम, भाषण होइन परिणाम' भन्ने मूल नारासहित सार्वजनिक आइतबार राजधानीमा आयोजित कार्यक्रममार्फत गरिएको घोषणापत्रमा पार्टीले शासकीय स्वरूपमा परिवर्तन, भ्रष्टाचार नियन्त्रण र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकतामा राखेको छ ।
पार्टीले शासकीय सुधारअन्तर्गत प्रदेशमा स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको एजेन्डा अघि सारेको छ । त्यस्तै, राज्यको खर्च कटौती गर्न संघीय सांसदको संख्या २७५ बाट २०१ र प्रदेश सांसदको संख्या ५५० बाट ३३० मा झार्ने तथा मन्त्रालयको संख्यासमेत भारी कटौती गर्ने प्रस्ताव गरेको छ ।
भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिँदै पार्टीले भ्रष्टाचारीलाई सार्वजनिक पदमा आजीवन प्रतिबन्ध लगाउने र निजको सम्पत्ति राष्ट्रियकरण गर्ने कठोर प्रतिबद्धता जनाएको छ । साथै, मतदातालाई उम्मेदवार मन नपरे 'नो भोट' को विकल्प दिने विषय पनि घोषणापत्रमा समेटिएको छ ।

आर्थिक र सामाजिक क्षेत्रतर्फ पार्टीले महत्वाकांक्षी योजना अघि सारेको छ । सन् २०३० सम्म वार्षिक ९ प्रतिशत आर्थिक वृद्धि गर्ने र हरेक वर्ष ९ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको छ । 'उज्यालो नेपाल' अभियानअन्तर्गत हरेक घरपरिवारलाई जलविद्युत् आयोजनाको कम्तीमा १ हजार कित्ता शेयर प्राथमिक मूल्यमै उपलब्ध गराउने बाचा गरिएको छ ।
त्यस्तै, विश्वविद्यालय तहसम्मको शिक्षा र तोकिएको स्वास्थ्य संस्थामा स्वास्थ्य उपचार निःशुल्क गर्ने, विद्यार्थीलाई 'कमाउँदै पढ्दै' नीतिअन्तर्गत इन्टर्नसिपको व्यवस्था गर्ने प्रतिबद्धता जनाइएको छ ।

## प्रधानमन्त्री नबन्ने नेमकिपाको घोषणा

झापा । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले प्रतिनिधि सभा निर्वाचन घोषणापत्र सार्वजनिक गरेको छ। पार्टीले आइतबार राजधानीमा पत्रकार सम्मेलन गरी घोषणापत्र सार्वजनिक गरेको हो। पार्टी अध्यक्ष नारायणमान बिजुक्छें रोहितलगायतले संयुक्त रूपमा घोषणापत्र सार्वजनिक गरे। सम्मेलनमा पार्टी अध्यक्ष बिजुक्छेंले निर्वाचनको मुख्य काम र केन्द्र प्रधानमन्त्री बन्नु नरहेको बताए। ठूला दलहरूले अहिले निर्वाचनलाई प्रधानमन्त्री बन्ने मुख्य नारा बनाएको भन्दै दुःख व्यक्त गरे। नेपाली कांग्रेस, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले निर्वाचनपछिको प्रधानमन्त्री घोषणा गरेको भन्दै यसले पदका लागि राजनीति गरेको प्रस्ट भएको बताए। पार्टीले देश र जनताको निःस्वार्थ सेवाका लागि समाजवादी




प्रचार अभियानलाई थप सशक्त बनाउँदै निर्वाचनलाई राजनीतिक शिक्षाको महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्ने बताएको छ। २०३१ माघ १० गते स्थापना भएको नेमकिपाले स्थापनाकालदेखि नै किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा तथा साम्राज्यवाद विरोधी आन्दोलनको नेतृत्व गर्दै आएको दाबी गरेको छ। पछिल्ला ३५ वर्षमा पालैपालो सरकारमा गएका दलहरूले जनताका समस्या समाधान गर्न नसकेको र मुलुक सम्भावित दुर्घटनाबाट जोगिन नसकेको टिप्पणी गर्दै पार्टीले वर्तमान राजनीतिक अवस्थाप्रति असन्तुष्टि जनाएको छ। पार्टीका अनुसार निर्वाचन आमूल परिवर्तनको संकेत दिने 'ब्यारोमिटर' भए पनि केवल निर्वाचनमार्फत समाजवाद स्थापना सम्भव छैन।

## झापा–२ मा धर्मशिलाका २० बुँदे प्रतिबद्धता सार्वजनिक



बिर्तामोड । नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट झापा-२ की प्रतिनिधि सभा सदस्य उम्मेदवार धर्मशिला चापागाईंले २० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेकी छन् । आइतबार चुनाव परिचालन समितिको कार्यालयमा पत्रकार सम्मेलन गरी चापागाईंले आफ्नो निर्वाचन क्षेत्रको समृद्धिका लागि विस्तृत चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेकी हुन् ।
'झापा-२ लाई समुन्नत, न्यायपूर्ण र समृद्ध बनाउने' संकल्पका साथ उनले शिक्षा, स्वास्थ्य, पूर्वाधार र सुशासनलाई समेट्दै २० बुँदे योजना अघि सारेकी छन् । प्रतिबद्धतापत्रमा बिर्तामोडलाई शिक्षा, व्यापार र स्वास्थ्यको क्षेत्रीय हबको रुपमा विकास गर्ने, विराटपोखरी, अर्जुनधारा जलेश्वर धाम, सालबारी, निचाझोडा जस्ता क्षेत्रको धार्मिक तथा पर्यटकीय विकास गर्ने, चारपाने दक्षिणको क्षेत्रलाई औद्योगिक करिडोरको रुपमा विकास गर्ने, परम्परागत उद्योगको संरक्षण तथा आधुनिकीकरण गरी रोजगारी सिर्जना गर्ने, बिर्तामोडलाई स्मार्ट सिटी बनाउने गुरुयोजना निर्माण गरी सडक तथा भौतिक पूर्वाधारको विकासलाई प्राथमिकतामा समेटिएको छ ।

समाजमा व्याप्त मिटरव्याजी समस्या समाधान, समाज र परिवारबाट बहिष्कृत व्यक्तिको पुनर्स्थापना, खानेपानी र सिँचाईको उचित व्यवस्थापन, प्राविधिक, रोजगारमुखी र प्रविधिमैत्री शिक्षाको विकासमा काम गर्ने, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने, युवाहरुको नेतृत्व विकास र खेलकुदको पूर्वाधार विस्तारका कार्य गर्ने, महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक वर्गको उत्थानका लागि काम गर्ने, जनसहभागितामार्फत समाजवादको आधार तयार गर्ने जस्ता बुँदालाई चापागाईंले आफ्नो चुनावी प्रतिबद्धता पत्रमा समेटेकी छन् ।

चापागाईंले एक वडा एक पुस्तकालय र सार्वजनिक स्थल निर्माणलाई रचनात्मक प्रतिबद्धताको रुपमा अगाडी सारेकी छन् । उनले विकास निर्माणको कार्य गर्दा वातावरण संरक्षण र वातावरण अनुकूल हुने गरी गर्ने, शान्ति, सुशासन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने, सूचना प्रविधिको विकास र संचार माध्यमको पूर्वाधार विकासमा सहयोग गर्ने, आदिवासी जनजातिको मौलिक सम्पदाको रुपमा रहेको कला, भाषा, साहित्यको विकासका प्रभावकारी कार्य गर्ने, कृषि, पशुपालन र दुग्ध उत्पादनलाई जोड दिँदै स्थानीय कृषकहरुका लागि मल तथा विउविजनको सहज आपूर्तिको व्यवस्था मिलाउने जस्ता मतदाताको दैनिक जीवनसँग जोडिएका विषयलाई प्रतिबद्धताको रुपमा अगाडी सारेकी छन् । उनले सञ्चारकर्मीको प्रश्नको जवाफमा नेपालको संविधान २०७२ साबिक नेकपा माओवादी केन्द्रको जनयुद्धको जगमा जारी भएको र त्यसको पूर्ण कार्यान्वयन, संविधान संशोधनमार्फत लक्षित वर्गलाई थप अधिकार प्रत्यायोजनका कार्यभार अपूरो भएकाले त्यो काम सम्पन्न गर्न आफूलाई मतदाताले मत हाल्न आवश्यक रहेको धारणा राखिन् ।( प्रतिवद्धतापत्रको पूर्णपाठ पृष्ठ ३ मा )

## प्रलोपाद्वारा प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीमा जोड




झापा । फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले आफ्नो चुनावी प्रतिबद्धता पत्र (घोषणापत्र) सार्वजनिक गरेको छ ।
'सुदृढ लोकतन्त्र, समृद्ध समाज र स्वाधीन राष्ट्र' भन्ने मूल नारासहित आइतबार राजधानीमा आयोजित कार्यक्रमबाट सार्वजनिक गरिएको उक्त घोषणापत्रमा पार्टीले मुलुकको शासकीय स्वरूपमा आमूल परिवर्तनको प्रस्ताव अघि सारेको छ ।
विशेषगरी देशमा विद्यमान राजनीतिक अस्थिरता अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलाई पार्टीले आफ्नो मुख्य राजनीतिक एजेन्डा बनाएको छ ।
२०८२ भदौको 'जेनजी' विद्रोहको जगमा उभिएको दाबी गर्ने प्रलोपाले पुराना राजनीतिक दलहरूको असफलता र नेतृत्वको भ्रष्टीकरणले देश संकटमा परेको निष्कर्ष निकाल्दै आफूलाई वैकल्पिक शक्तिका रूपमा प्रस्तुत गरेको छ । घोषणापत्रमा हालको संसदीय व्यवस्थाले केवल सरकार परिवर्तनको खेल मात्र बढाएको भन्दै राजनीतिक स्थायित्वका लागि शासकीय स्वरूप फेर्नु अनिवार्य रहेको उल्लेख गरिएको छ । यसका साथै, सांसदको भूमिकालाई केवल विधायकी (कानुन निर्माण) कार्यमा मात्र सीमित राख्ने र मन्त्रिमण्डल स्वतन्त्र विज्ञहरूबाट गठन गरिने परिपाटी बसाल्ने प्रतिबद्धता पार्टीले जनाएको छ ।

आर्थिक समृद्धिको स्पष्ट खाका कोर्दै प्रलोपाले कार्यकारी प्रमुख मातहत रहने गरी एक शक्तिशाली 'राष्ट्रिय विकास प्राधिकरण' गठन गर्ने घोषणा गरेको छ । यस प्राधिकरणमार्फत पहिलो ५ वर्षभित्र आम गरिबीको अन्त्य गर्ने, १० वर्षभित्र मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने र २५ वर्षभित्र नेपाललाई विश्वकै उच्च आय भएको मुलुकको दाँजोमा पुर्‍याउने महत्वाकांक्षी लक्ष्य घोषणापत्रमा समेटिएको छ ।
५ वर्षभित्र कृषिमा पूर्ण आत्मनिर्भर बन्ने र १० वर्षभित्र विद्युत् आयतलाई शून्यमा झार्दै हरित ऊर्जा र हाइड्रोजन ऊर्जाको विकास गर्ने योजनालाई प्राथमिकतामा राखिएको छ ।
सामाजिक न्याय र जनजीविकाका सवालमा पार्टीले शिक्षा र स्वास्थ्यलाई राज्यको पूर्ण दायित्वभित्र राखेको छ । सरकारी तथा सार्वजनिक विद्यालयमा उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने र सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता प्रलोपाले गरेको छ । युवाहरूलाई लक्षित गर्दै पार्टीले 'युवा रोजगार कोष' लाई स्वायत्त बनाउने र २१ देखि ३० वर्ष उमेर समूहका बेरोजगार युवालाई वार्षिक कम्तीमा १०० दिनको रोजगारी वा सो बराबरको बेरोजगारी भत्ता उपलब्ध गराउने घोषणा गरेको छ । यसैगरी, एकल महिला, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायका लागि एकीकृत सामाजिक सुरक्षा योजना लागु गरिने बताइएको छ ।

❖ बाँकी पृष्ठ ४ मा

# नेपाल फेरि पराजित, वेस्ट इन्डिज 'सुपर एट' मा

झापा । नेपाललाई ९ विकेटले पराजित गर्दै वेस्ट इन्डिज ट्वान्टी-२० विश्वकप क्रिकेटको 'सुपर एट' मा प्रवेश गरेको छ ।

नेपालले दिएको १ सय ३४ रनको लक्ष्य वेस्ट इन्डिजले मुम्बईको वानखडे रंगशालामा एक विकेटको क्षतिमा १५.२ ओभरमै पूरा गरेको थियो ।

वेस्ट इन्डिजका ओपनर ब्याटर ब्रान्डन किंग २२ रन बनाई आउट भए । नन्दन यादवको बलमा कुशल भुर्तेलले मिडअनमा उनको क्याच लिएका थिए । किंग र कप्तान साई होपले ६ ओभरभित्र पहिलो विकेटका लागि ४३ रनको साझेदारी गरेका थिए । त्यसपछि होप र हेटमायरले ४१ बलमा अर्धशतकीय साझेदारी पूरा गरेका थिए, जसमा हेटमायरको योगदान ३७ रनको थियो । त्यसपछि भने होप आक्रामक बनेका थिए ।

यी दुई ब्याटरले दोस्रो विकेटमा कुल ५९ बल खेली ९१ रनको साझेदारी गरे । होप ६१ र हेटमायर ४६ रन बनाई अविजित रहे । होपले ४४ बल खेलि ५ चौका र ३ छक्का तथा हेटमायरले ३२ बल खेली ४ चौका र २ छक्का प्रहार गरे ।

वेस्ट इन्डिजले लगातार तेस्रो खेल जित्दै अर्को चरणमा स्थान पक्का गरेको हो । नेपालले भने लगातार तेस्रो खेलमा पराजय भोगेको हो । नेपालले मंगलबार स्कटल्यान्डसँग समूह चरणको अन्तिम खेल खेल्ने छ ।

यसअघि टस हारेपछि ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाई १ सय ३३ रन बनाएको थियो । दीपेन्द्रसिंह ऐरीको ५८ रन बनाएपछि मात्र नेपालले हेर्नलायक स्कोर बनाएको हो । नेपाली खेलाडीको ट्वान्टी-२० विश्वकपमा यो केवल दोस्रो अर्धशतक हो र उच्च स्कोर पनि हो ।सुवास खकुरेलले २०१४ को विश्वकपमा अफगानिस्तानविरुद्ध यसअघि ५६ रन बनाएका थिए ।



नेपालले पहिलो ओभरमै विकेट गुमाएको थियो । अकेल हुसैनले कुशल भुर्तेललाई पाँचौं बलमा बोल्ड गरेका थिए ।

कप्तान रोहित पौडेल ७ बलमा ५ रनमात्र बनाई म्याथ्यु फोर्डको बलमा एलबीडब्लू आउट भए । त्यसपछि जेसन होल्डरले शेख दाजुभाइ आसिफ र आरिफलाई आउट गरे । दुई चौका प्रहार गरी १० बलमा ११ रन बनाएका आसिफ फाइनललेगमा क्याच दिन पुगे । आरिफ पनि २ रनमा मिडविकेटमा क्याच भए । नेपालले पावर प्लेको पहिलो ६ ओभरमा २२ रनमात्र बनाउन सकेको थियो र ३ विकेट गुमाएको थियो । त्यसपछिको ४ ओभरमा नेपालले २० रन जोडेको थियो ।

लोकेश बमले १३ रन बनाए । १५ बल खेली २ चौका प्रहार गरेका उनी सामर जोसेफको लेग साइडमा गएको बलमा विकेटकिपरलाई क्याच दिन पुगे । दीपेन्द्र र गुलशन झाले छैटौं विकेटमा २६ बलमा २७ रनको साझेदारी गरे । एक छक्का प्रहार गरेका गुलशनलाई रोस्टन चेजले बोल्ड गरिदिए । दीपेन्द्र र सोमपाल कामीले सातौं विकेटमा २६ बलमा ५४ रनको साझेदारी गरे । नेपाली इनिङ्सको यो सबैभन्दा ठूलो साझेदारी थियो । होल्डरले फालेको १८ औं ओभरमा नेपालले १६ रन जोडेको थियो । त्यसमा सोमपालले होल्डरलाई लगातार ३ चौका प्रहार गरे । दीपेन्द्रले २ छक्का प्रहार गरेपछि नेपालले १९ ओभरमा कुल १८ रन जोडेको थियो ।

दीपेन्द्र अन्तिम ओभरमा होल्डरको बलमा लङअफमा क्याच दिन पुगे । उनले ४७ बल खेली समान ३ चौका र छक्का प्रहार गरे । सोमपाल १५ बलमा २६ रन बनाई अविजित रहे । उनले ४ चौका प्रहार गरे । करण केसी १ रन बनाई अन्तिम बलमा आउट भए ।

वेस्ट इन्डिजबाट होल्डरले ४ विकेट लिए । उनले ४ ओभरमा २७ रन खर्चे । फोर्डले ४ ओभरमा १ मेडन राख्दै १० रनमात्र खर्चेर १ विकेट लिए । फोर्डसँगै हुसैन, जोसेफ र चेजले १-१ विकेट लिएका हुन् ।

सोमपाल प्रतियोगितामा पहिलो खेल खेल्दै तेस्रो पटक विश्वकपमा खेल्ने नेपालको पहिलो खेलाडी बने । नेपालले यसअघि २०१४ र २०१६ को विश्वकपमा पनि सोमपालले खेलेका थिए ।

नेपालले सेप्टेम्बरमा यूएईको शारजहाँमा वेस्ट इन्डिजसँगको तीन खेलको ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखला एतिहासिक रुपमा २-१ ले जितेको थियो । त्यो टोलीका केवल दुई खेलाडी हुसेन र होल्डरमात्र अहिलेको वेस्ट इन्डिजको टोलीमा रहेका छन् । वेस्ट इन्डिजले धेरै नयाँ खेलाडीलाई मौका दिँदा हुसेनले शारजहाँमा क्यारेबियन टोलीको नेतृत्व गरेका थिए ।

# 'राजनीतिमा शिक्षित युवा आवश्यक'



बिर्तामोड,फागुन ३ । नेपाली कांग्रेसका नेताहरुले वी.पी. कोइरालाले युवाहरुलाई राजनीतिमा अत्यन्तै महत्व दिएको उल्लेख गर्दै अवको राजनीतिमा शिक्षित एवं प्रविधिमा दक्ष युवाहरुको आवश्यकता औंल्याएका छन् ।

नेपाली कांग्रेस झापा क्षेत्र नं-२ निर्वाचन परिचालन समितिको आयोजनामा बिर्तामोडमा सम्पन्न नेविसंघ, तरुण दल एवं युवाहरुको भेलालाई सम्बोधन गर्दै यस्तो आवश्यकता औंल्याएका हुन् ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टीमा नेतृत्व परिवर्तन गर्नुपर्ने युवाहरुको मागलाई नेपाली कांग्रेसले सम्बोधन गरेको बताउँदै अब युवाहरुलाई देशको नेतृत्वमा पुऱ्याउने काममा प्रभावकारी भूमिका खेल्न आग्रह गरे ।

'अव शिक्षित, पढेलेखेका र आइटीमा दक्ष युवा जनशक्ति राजनीतिमा आउनुपर्छ'-नेता शिवाकोटीले भने-' हिजो हामीले जानी नजानी राजनीति गऱ्यौं, आन्दोलनको जगमा टेकेर नेतृत्व गऱ्यौं । अब हाम्रो पालो सकियो । जे जति दियौं, अब तपाईहरुको पालो हो । राम्रो शिक्षा ग्रहण गर्नुस्, दक्ष भएर आउनुस् । भोली देश तपाईहरुले चलाउनुपर्छ ।'

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटीले अहिले फिजिकल भन्दा डिजिटल प्रचार-प्रसार बढी प्रभावकारी देखिन थालेको बताउँदै रुख चिन्हबाहक उम्मेद्वारले चुनाव जित्नेगरी डिजिटल प्रचार-प्रसार गर्न युवाहरुलाई आग्रह गरिन् ।

कार्यक्रममा कोशी प्रदेशका सभापति उद्धव थापाले ब्यक्ति होइन, विचार बलवान हुन्छ भन्ने सी.के. प्रसाईको मान्यता र वी.पी.को विचार कांग्रेसको राजनीतिक आधार भएको बताउँदै बदि्लएको कांग्रेसलाई देशको नेतृत्वमा पुऱ्याउने कार्यमा भूमिका खेल्न युवाहरुलाई आग्रह गरे। स्वतन्त्र तरिकाले आफ्नो मत प्रयोग गर्न पाउने जनअधिकारको रक्षा गर्न पनि उनको आग्रह थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ का उम्मेद्वार सरिता प्रसाईले नेविसंघ, तरुण दल र युवाहरु पार्टीको मेरुदण्ड भएको चर्चा गर्दै आफू नेविसंघ, तरुण दलमा संगठित हुँदै पार्टी राजनीतिमा पुगेको बताइन् । जेनजी पुस्ता सबै राजनीतिक दलभित्र रहेको चर्चा गर्दै उनले नेपाली कांग्रेसको पक्षमा डिजिटल प्रचार-प्रसार तीव्र पार्न युवाहरुलाई आग्रह गरिन् ।

नेपाली कांग्रेस झापा क्षेत्र नं-२ का सभापति एवं निर्वाचन परिचालन समितिका संयोजक खगेन्द्र मैनालीले भेलाको औचित्यमाथि प्रकाश पार्दै संयमित र अनुशासित बन्दै शान्तिपूर्ण रुपमा पार्टीका उम्मेद्वार र पार्टीको पक्षमा प्रचार-प्रसार तीब्र पार्न युवाहरुलाई आग्रह गरे।

नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, मिरा खड्का, महासमिति सदस्य सिता पौडेल, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाईं, नेपाल प्रेस युनियन केन्द्रीय सचिव रेजिना गौतम, तरुण दल केन्द्रीय सदस्य सजेश शिवाकोटी, विद्यार्थी नेता मिलन चापागाई, किरण गुरुङ, एलेक्स मैनाली, नेपाली कांग्रेस २ ख का सभापति किरण श्रेष्ठ, अर्जुनधारा नगर सभापति हेमराज खरेल, भोजराज सिटौला लगायत नेविसंघ र तरुण दलका युवाहरुको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको सहजीकरण २ नम्बर क्षेत्रीय सचिव चन्द्र चुडालले गरेका थिए ।

# झापा गोल्डकपको उपाधिमाथि मच्छिन्द्र र एपीएफ दुवैको दाबी

बिर्तामोड । मच्छिन्द्र फुटबल क्लब र सशस्त्र प्रहरीको एपीएफ क्लबले सातौं झापा गोल्डकपको उपाधि हात पार्ने दावी गरेका छन् । आइतबार रंगशालामा आयोजित प्रि-म्याच कन्फ्रेन्समा पहिलो पटक फाइनलमा पुगेका दुबै टिमले उपाधि हात पार्ने दावी गरेका हुन् । मच्छिन्द्र फुटबल क्लबका प्रशिक्षक प्रवेश कटूवालले अहिले चलिरहेका अन्य चर्चित प्रतियोगिताहरु छोडेर झापा गोल्डकपमा फोकस गरेको बताए ।

उनले मच्छिन्द्रको ए टिम मैदानमा उतार्ने बताएका छन् । उनले अधिकांस झापाली खेलाडी समेटेर बनाएको टिमलाई दर्शकको समर्थनसमेत जितको एउटा आधार हुने बताए । त्यसैगरी एपिएफका प्रशिक्षक राजेन्द्र तामाङले राष्ट्रिय लिगमा समेत उच्च प्रदर्शन गरेका कारण नियमित क्याम्पमा रहेका पहिलो दर्जाका खेलाडीले सशक्त प्रदर्शन गर्ने बताए । उनले पनि झापा गोल्डकपलाई नै फोकस गरेर केही समयदेखि पूर्ण तयारी गरेको जानकारी दिए । मच्छिन्द्रका कप्तान बिशाल श्रेष्ठले अधिकांस खेलाडी मैदानसँग परिचित भएका कारण होम ग्राउण्डमा खेलेको अनुभव हुने भएको भन्दै खेलका लागि सहज हुने बताए । उनका अनुसार मच्छिन्द्रको लागि जित नै पहिलो लक्ष हो ।




एपीएफका कप्तान हरि कार्कीले आयोजक टिमलाई पराजति गरेर मनोबल उच्च बनाएको बताए । सोमबार हुने फाइनलमा उपाधि हात पारेर झापा गोल्डकपको इतिहासमा नयाँ रेकर्ड बनाउने उनले उद्घोष गरे ।

झापा गोल्डकपको बिजेताले नगद १५ लाख, उपबिजेताले ७ लाख ५० हजार रुपैंयाँ, ट्रफी मेडल र प्रमाणपत्र पाउने छन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल पाउने छ ।

फाइनलमा उत्कृष्ट प्रशिक्षक, स्ट्राइकर र गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा शुरुदेखि टिकट काटेर फुटबल हेर्ने एकजना दर्शकले गोलाप्रथाबाट यामाहा कम्पनीको एउटा स्कुटर पाउने छ ।

# राजनीतिक दलहरूलाई निर्वाचन आयोगको निर्देशन

काठमाडौं । निर्वाचन आयोग नेपालले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै राजनीतिक दलहरूलाई ६३ बुँदे निर्देशन जारी गरेको छ ।

आइतबार जारी प्रेस विज्ञप्तिमार्फत आयोगले निर्वाचन स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन विभिन्न आचारसंहितासम्बन्धी व्यवस्था कडाइका साथ पालना गर्न निर्देशन दिएको हो ।



आयोगका अनुसार २०८२ माघ ३ गते बसेको बैठकले उक्त निर्देशन दिने निर्णय गरेको हो । आयोगले निर्वाचन प्रक्रियामा कुनै पनि प्रकारको अवाञ्छित प्रभाव, दबाब वा अवरोध सिर्जना गर्ने कार्य नगर्न राजनीतिक दल तथा उम्मेदवार हरूलाई सचेत गराएको छ ।

निर्देशनको पहिलो बुँदामा उम्मेदवारी दिन, प्रचारप्रसार गर्न वा मतदान गर्नबाट कसैलाई वञ्चित गर्ने उद्देश्यले बाधा-अवरोध पुऱ्याउन नहुने उल्लेख छ । साथै हातहतियार वा विष्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्न, धाकधम्की दिन, डरत्रास फैलाउन, सार्वजनिक प्रतिष्ठामा आँच पुऱ्याउन, सामाजिक सद्भाव बिगार्ने गतिविधि गर्न तथा आर्थिक प्रलोभन देखाउन निषेध गरिएको छ। धर्मको आधारमा प्रतिज्ञा गराएर प्रभाव पार्न समेत नपाइने स्पष्ट पारिएको छ ।दोस्रो बुँदामा राजनीतिक दल तथा उम्मेदवारले २०८२ फागुन ४ गतेदेखि १५ गतेसम्म मात्र जुलुस, आमसभा, कोणसभा, सञ्चारमाध्यममार्फत प्रचारप्रसार तथा घरदैलो कार्यक्रम गर्न पाउने व्यवस्था गरिएको छ । तेस्रो बुँदामा निर्वाचन अवधिभर मतदातालाई मतदान गर्न वा नगर्न प्रभावित पार्ने उद्देश्यले उपहार, नगद, खाद्यान्न वा जिन्सी सामग्री दिन-लिन नपाइने उल्लेख छ। सार्वजनिक भोज आयोजना गर्न वा त्यस्तो भोजमा सहभागी हुनसमेत रोक लगाइएको छ ।

चौथो बुँदामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने गतिविधि गर्न नहुने उल्लेख छ। जाति, भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष फैलाउने कार्य गर्नसमेत कडाइ गरिएको छ । पाँचौं बुँदामा निर्वाचन परिणाममा प्रभाव पार्ने उद्देश्यले कुनै उम्मेदवार वा निजका परिवारका सदस्यको चरित्र हत्या गर्ने, डर-त्रास वा धम्की दिने कार्य पूर्णरूपमा निषेध गरिएको छ ।

# एमाले निकट शिक्षकहरू ओलीको पक्षमा भोट माग्दै

झापा । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा झापा क्षेत्र नम्बर ५ मा निर्वाचन आचारसंहिता उल्लङ्घनमा शिक्षकहरू नै संलग्न भएको पाइएको छ ।

नेकपा एमालेका अध्यक्ष एवं सोही क्षेत्रका उम्मेदवार केपी शर्मा ओलीको उपस्थितिमा र उनकै प्रशंसामा नेपाल राष्ट्रिय शिक्षक संगठनले आइतबार कार्यक्रम गरेको छ । यो कार्यक्रमले निर्वाचनको निष्पक्षता र कानुनी मर्यादामाथि प्रश्न उठाएको छ ।

निर्वाचन आचारसंहिता अनुसार सरकारी सेवामा रहेका शिक्षक, प्राध्यापक तथा कर्मचारीहरू कुनै पनि राजनीतिक दलको प्रचारप्रसारमा सहभागी हुन, दलको सदस्यता लिन वा उम्मेदवारलाई राखेर राजनीतिक उद्देश्यका कार्यक्रम गर्न पूर्णतः बन्देज छ । तर, यी कानुनी प्रावधानहरूलाई चुनौती दिँदै झापा ५ का एमाले निकट शिक्षकहरूले खुलेआम राजनीतिक भेला गरी आफ्ना उम्मेदवार ओलीको पक्षमा माहोल बनाउने प्रयास गरेका छन् ।

आइतबार झापा आइपुगेका ओली निर्वाचन केन्द्रित घरदैलो कार्यक्रममा व्यस्त छन् । सोही क्रममा शिक्षक संगठनले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले देशको स्थिरता र विधिको शासनको कुरा गरे पनि आफैँले आचारसंहिता उल्लंघन गरेकोमा भने भेउ पाएनन् ।

कार्यक्रममा ओलीले जनअसन्तोषको नाममा हुने गतिविधिलाई अपराध भएको संज्ञा दिए । 'जनअसन्तोषको नाममा गरिएका आपराधिक क्रियाकलापले देश अप्ठ्यारो परिस्थितिमा पुगेको छ । बङ्गलादेशपछि नेपालमा पनि उस्तै प्रकारको आन्दोलन सुरु गरियो,' उनले भने ।

एकातिर देशमा अस्थिरता फैल्याउन खोजिएको भन्दै चिन्ता व्यक्त गर्ने र अर्कोतिर निर्वाचनको स्वच्छता कायम गर्न बनेको आचारसंहिता आफैँले उल्लंघन गर्नुलाई झापा ५ कै स्थानीय मतदाताले प्रश्न उठाएका छन् ।




आफ्नो सम्बोधनका क्रममा ओलीले अघिल्लो शिक्षक आन्दोलनमा घुसपैठ हुन सक्ने आशंकाका कारण समयमै सचेत भएर आन्दोलन स्थगन गरिएको जिकिर गरे । 'शिक्षक आन्दोलनमा पनि घुसपैठ हुन सक्ने आशङ्का थियो, समयमै सचेत भएर आन्दोलन स्थगन गरिएकाले सम्भावित अप्रिय घटना टरेको हो,' उनले भने । उनले शिक्षकका समस्या समाधानका लागि आफू र आफ्नो पार्टी सधैँ प्रतिबद्ध रहेको दाबी गर्दै वार्ता र समझदारीमार्फत समस्या हल गर्नुपर्नेमा जोड दिए । तर शिक्षकहरूलाई राजनीतिक दलको कार्यकर्ताको रूपमा प्रयोग गर्ने र निर्वाचनको मुखमा यस्ता भेलाहरू आयोजना गर्दा शिक्षा क्षेत्रको तटस्थतामाथि कस्तो असर पर्छ भन्ने विषयमा उनले केही बोलेनन् ।

राज्यको ढुकुटीबाट तलब खाने शिक्षकहरूले आफ्नो पेसागत मर्यादा भुलेर उम्मेदवारको गुणगान गाउनु र उम्मेदवारले पनि शिक्षकहरूलाई चुनावी हतियार बनाउनु लोकतन्त्रको उपहास भएको सोही क्षेत्रका नेकपाका उम्मेदवार रञ्जित तामाङले बताए । 'यो दृश्य देखेर निर्वाचन आयोग के गर्छ ?,' उनले प्रश्न गरे, 'यसरी खुलेआम आचारसंहिता विपरीत शिक्षकहरू चुनावी प्रचारमा किन गए ?'

उम्मेदवार ओली केही दिन झापाका विभिन्न स्थानमा मतदातासँग घरदैलो कार्यक्रममा व्यस्त रहने उनको सचिवालयले जनाएको छ ।

कानुनको पालक हुनुपर्ने प्रधानमन्त्रीजस्तो गरिमामय पद सम्हालिसकेका नेता र समाजका पथप्रदर्शक मानिने शिक्षकहरूबाटै आचारसंहिताको उल्लंघन हुनुले चुनावी प्रणालीलाई नै दूषित पार्ने खतरा बढाएको छ ।

कार्यक्रमका अवसरमा शिक्षक संगठनका अध्यक्षसमेत रहेका कार्यक्रम सञ्चालक लम्बोदर पौडेलले 'हामी नेकपा एमालेको सरकार र झापालीको एक मात्र अभिभावक तपाईं केपी शर्मा ओलीको नेतृत्व हेर्न चाहन्छौं' भन्दै प्रशंसा गरे । त्यस्तै उनले 'सर्वहारा वर्गको कोखमा जन्मिएको, जनताको न्यानो काखमा हुर्किएको नेकपा एमाले...' भन्दै पार्टीको पक्षमा बयान गरेका थिए । त्यसक्रममा उनले एमालेको सरकार हेर्नका लागि झापाली शिक्षकहरू आतुर रहेको पनि बताएका थिए ।

कार्यक्रममा झापा क्षेत्र नम्बर ५ का एमालेको चुनावी कमान्डरसमेत रहेका पूर्वमन्त्री देवेन्द्र दाहाल, शिक्षक संगठनका झापा जिल्लाभरका नेता तथा सदस्यहरूको उपस्थिति थियो ।

# प्रलोपाद्वारा..

सुशासन र भ्रष्टाचार नियन्त्रणका सवालमा प्रलोपाले कडा नीति अख्तियार गरेको छ । भ्रष्टाचारको छानबिन गर्न अधिकार सम्पन्न 'जनलोकपाल' (पब्लिक अम्बुड्सम्यान) गठन गर्ने र निर्वाचन कानुनमा सुधार गरी मतदातालाई 'राइट टु रिजेक्ट' (अस्वीकारको अधिकार) र 'राइट टु रिकल' (प्रत्याह्वानको अधिकार) को व्यवस्था गर्ने घोषणापत्रमा उल्लेख छ ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन 'इ-गभर्नेन्स' प्रणाली लागु गर्ने र कर्मचारीतन्त्रलाई नतिजामुखी बनाउने योजना अघि सारिएको छ । राष्ट्रिय स्वाधीनता र परराष्ट्र नीतिका सन्दर्भमा पार्टीले पञ्चशीलको सिद्धान्तमा आधारित सन्तुलित परराष्ट्र नीति अपनाउने बताएको छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक लगायतका सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्ने र राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने प्रतिबद्धता जनाइएको छ ।

चुनाव चिन्ह 'आँखा' लिएर चुनावी मैदानमा उत्रिएको प्रलोपाले आफूलाई परम्परागत दलहरूको विकल्पका रूपमा प्रस्तुत गर्दै आम मतदातालाई 'अग्रगामी विचारसहितको विकल्प' रोज्न अपिल गरेको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सेनाको सक्रियता

फागुन २१ गतेको निर्वाचनका लागि सुरक्षा निकायहरु सक्रिय भएर लागेका छन् । चारवटै सुरक्षा निकायको कमाण्ड भने नेपाली सेनाले गरिरहेको छ । कुनै पनि आपराधिक घटना हुन नदिन झापाको १२ ठाउँमा नेपाली सेनाको बम डिस्पोजल टोली तैनाथ गरिने भएको छ ।

निर्वाचन बिथोल्न आपराधिक तत्वहरुबाट हुन सक्ने अपराध रोक्नका लागि पूर्व तयारीस्वरुप जिल्लाको १२ ठाउँमा सेनाको बम डिस्पोजल टोली तैनाथ गरिने भएको हो । हाल जिल्लाका विभिन्न ६ ठाउँमा बम डिस्पोजल टोली तैनाथ भइसकेको र निर्वाचनको संघारमा अन्य ६ ठाउँमा बम डिस्पोजल टोली राखिने सुरक्षा स्रोतले जनाएको छ । संवेदनशील मानिएको चन्द्रगढी विमानस्थल र झापा कारागारमा बिहीवारदेखि नै सेना परिचालन गरिएको छ । विमानस्थल र कारागारमा एक–एकवटा नफ्री परिचालन गरिएको अरिदमन गणले जनाएको छ ।

त्यस्तै माघ २१ गतेदेखि सेनाले पैदल , सवारी साधनमार्फत र संयुक्तरुपमा गस्ती संचालन गरिरहेको छ । निर्वाचनको एक महिना अघिदेखि जिल्लाको चार ठाउँमा कम्पनी अपरेटिङ बेस (सीओबी) खडा गरी सुरक्षा प्रदान गरिरहेको छ । मेजरको कमाण्डमा झापा क्षेत्र नं ५ को सुरक्षाका लागि दमकमा , ४ को लागि सुरुङ्गामा , ३ को लागि चन्द्रगढीमा सीओबी खडा गरिएको हो भने क्षेत्र नं १ र २ को लागि अरिदमन गणबाटै सुरक्षा प्रदान भइरहेको छ । त्यसबाहेक जिल्लाको १६ ठाउँमा पोस्ट अपरेटिङ बेस (पीओबी) खडा गरिदैछ । जिल्लाका हरेक मतदान केन्द्रमा २० मिनेटभित्र पुग्ने गरी फौजलाई परिचालन गरिएको अरिदमन गणका प्रमुख सेनानी सरोज थापाले बताए ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा मतदाता र मतदानस्थललाई भयरहित बनाउन सुरक्षा निकायले मतदानस्थलको तीन तहमा वर्गीकरण गरेको छ । जिल्लाका ९५ वटा मतदानस्थललाई अतिसंवेदनशीलका रुपमा राखिएको छ । जिल्लामा रहेका २८५ मतदानस्थलमध्ये १४७ संवेदनशील र ४३ वटा मतदानस्थल सामान्य रहेका छन् । जिल्लामा ८१५ वटा मतदान केन्द्र छन् । निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नका लागि करिव ८ सय सेना परिचालन गरिएको छ । चारआलीस्थित अरिदमन गणबाट ६ सय र २१ नं बाहिनी तोपगाछीबाट २ सय फौज परिचालन गरिएको छ । सुरक्षा निकायले गरेर मात्र हुँदैन । निर्वाचनलाई सफल बनाउन सबैले लाग्नुपर्ने जरुरी देखिएको छ ।




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# नयाँ इतिहास लेख्ने अवसर



• रामनारायण विडारी

नेपालको संविधानले प्रतिनिधि सभाको निर्वाचन पाँच पाँच वर्षमा गर्ने किटान गरेको छ । विगतमा केपी शर्मा ओलीले बिचैमा प्रतिनिधि सभा विघटन गरी मध्यावधि चुनाव गर्ने कोसिस गर्नुभएको थियो । ओलीको यो दुस्साहस तत्कालीन अवस्थामा सर्वोच्च अदालतले रोकेको थियो । अहिले पनि २०८४ सालमा हुनुपर्ने नियमित निर्वाचन दुई वर्षअगाडि नै २०८२ सालमा नै गर्नुपर्ने बाध्यात्मक अवस्था आयो । यो बाध्यता विगतमा सरकार सञ्चालन गर्ने दल र नेताहरूका कारण जनतामा निराशा पैदा भयो । सो निराशा आन्दोलनमा रूपान्तरण हुन गई अनियन्त्रित हुँदा कलिला युवाको अनाहकमा ज्यान गयो । परिणामतः हिंसामा देश फस्यो र अत्यासलाग्दो जनधनको क्षति भयो । कैयौँ व्यक्ति घरबासविहीन हुन पुगे । आन्दोलनका कारण मुलुकका ऐतिहासिक र महत्वपूर्ण सम्पदा नाश भए । राज्यका अङ्गहरूको मनोबल स्वात्तै घट्यो । देश विकासको बजेट अलपत्र पर्‍यो । केही दिन देश सरकारविहीन हुन पुग्यो । यो कहालीलाग्दो स्थिति किन र कसरी आयो ? यो सर्वत्र अध्ययन र मन्थनको विषय भएको छ । आगामी पुस्तासमेतको भविष्य हेरेरै अगाडिका कदम चाल्नुपर्ने अवस्था छ । देशले यस्तो अवस्था बेहोर्नु पर्‍यो कि जिन्दगीमा राजनीतिलाई घृणा गर्ने वा वास्ता नगर्नेहरूले नै राजनीतिको नेतृत्व गर्नुपर्ने अवस्था आइलाग्यो । के नेपाली जनताको इच्छा यस्तै थियो र ? यो पनि विश्लेषकले धेरै वर्षसम्म अनुसन्धान गर्नुपर्ने विषय बनेर उभिएको छ ।

'केटाकेटी बिग्रे आमाबाबु दोषी, जनता बिग्रे सरकार दोषी, सरकार बिग्रे व्यवस्था दोषी, व्यवस्था बिग्रे अगुवा दोषी अनि यथार्थमुखी र कर्तव्यमुखीबाहेक पछुवा र भगुवा सारा दोषी' यो विसं २०३९ सालमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य रूपचन्द्र विष्टको नारा थियो । यो नारा अहिले पनि उत्तिकै सान्दर्भिक छ । हाम्रो समाज विकास कसरी अगाडि बढेको छ ? हामीले बालबालिकालाई कसरी हुर्काएका छौँ ? हाम्रो धर्म, संस्कृति, रीतिरिवाज, नैतिक शिक्षा के के हुन् ? हाम्रो देशमा चलेको दर्शन सिद्धान्त कस्तो छ ? नेपालीपन के हो ? यो विषयमा २०४८ सालदेखियता हामीले कस्तो नीति अवलम्बन गर्‍यौँ ? बालबालिकाको भविष्य, उनीहरूको शिक्षा, स्वास्थ्यमा हामीले चुनावबाट जिताएका प्रतिनिधिले कसरी यो विषयमा काम गरे ? कहिल्यै हामीले समीक्षा गरेनौँ । सरकारले समाजशास्त्रीका बिचमा कहिल्यै अन्तरसंवाद गरेन ।

बालबालिका हुर्काउने, सिकाउने, पढाउने स्वावलम्बी बनाउने कार्य कसरी गर्‍यौँ, यसको समीक्षा सरकारबाट कहिल्यै भएन । सरकार ढाल्ने, बनाउने र घरबार जोड्ने जोडाउने कार्यमा मात्र प्रतिनिधिको समय बित्यो । देशले कुनै उपलब्धि हासिल गर्न सकेन । शिक्षित युवा विदेश पलायन हुन बाध्य भए । नेपालीपन, सिद्धान्त, दर्शनबाट विमुख हुन पुगे । यो वास्तविकता हो । २०४८ साल अगाडिको कुरा यहाँ उल्लेख गर्न आवश्यक भएन, किनकि त्यतिबेला निरङ्कुश व्यवस्था थियो ।

जनताले पनि मतदान गर्दा इन्साफ गरेको पाइएन । जो बदनाम छ, जो धनाढ्य छ, जो कालाधन सोहोर्न सिपालु छ, जो निर्वाचनमा आस, त्रास र भ्रमजाल फैलाउन सक्छ, त्यसैलाई मतदान गरे । परिणामतः संसद्मा अपवादबाहेक व्यापारीको हुल नै प्रवेश गरे । राजनीतिकभन्दा अराजनीतिक व्यक्तिको हालीमुहाली भयो । सोहीबमोजिम शिक्षा, स्वास्थ्य, उद्योग नीति बन्यो । सीमित व्यक्तिको राज्यको ढुकुटीमा पहुँच पुग्यो । बहुसङ्ख्यक जनता आफ्नै मतका कारण दुःखमा परे । सुनुवाइ कहीँकतै भएन । युद्ध नै चल्न बाध्य भयो । व्यवस्था नै बदलियो । यो बदलिएको व्यवस्थामा पनि आमूल परिवर्तन हुन सकेन ।

नयाँ आएका अनुहार पनि उही फ्रेमभित्र वा इँटाको साँचो जस्तो भएर उही आकारमा निस्किए । अनुहार नयाँ, काम उही । केही वर्ष यसरी नै चल्यो । विस्तारै उही पुरानै चुनिएर आउन थाले । अनि उनीहरूले भाषण दिन थाले, हामी त जनताबाट चुनिएर आएका प्रतिनिधि हौँ । हामीले भनेको अरूले निःसर्त मान्नु पर्छ भनेर जनतामा शासन गर्न थालेको परिणाम देशले आज भोग्दै छ । व्यवस्था पनि दोषी हो कि भन्ने प्रश्न उब्जिएको छ । व्यवस्था अमूर्त चिज हो । यसको सञ्चालन नाइकेले गर्ने हो । आजकल नाइकेलाई नेता भन्ने चलन छ । यसको अर्को वैकल्पिक शब्द अगुवा पनि हो । हाम्रो देशमा २०४८ सालपछिका अगुवा प्रधानमन्त्री नै हुन् । उनीहरू अक्षम भए । उनीहरूले नै मन्त्री नियुक्ति गर्ने हुन् । वेस्ट मिनिस्टर प्रणालीका नाममा चल्ने व्यवस्थामा प्रधानमन्त्री नै सर्वेसर्वा हुन्छ । उसले चाहेको बेलामा मन्त्री नियुक्ति गर्न र हटाउन सक्छ । उसले चाहेको विषयमा निर्णय गर्न र लागु गर्न सक्छ ।

प्रधानमन्त्री हुनेले आफ्नो पद र कर्तव्य बिर्सेर, सत्ताको स्वादमा लटपटिएर, बेइमान र बदमासलाई मन्त्री बनाउने गरेको पनि देखियो/भोगियो । फलस्वरूप देश अविकसित भयो । नेपालीलाई वैदेशिक ऋण बढ्यो । राजनीति अस्थिर भयो, जनता असुरक्षित भए । राज्यका निकायमा विश्वास घट्यो । परिणामतः व्यवस्था र अगुवा बिग्रिएको प्रमाणित भयो । व्यवस्था बिग्रिएपछि त्यसलाई सुधार गर्नु आवश्यक छ । त्यो सुधार भनेको संविधान संशोधन हो ।

भारतमा सन् १९४९ मा महात्मा गान्धीको नेतृत्वमा आन्दोलन भई संविधान सभाले जारी गरेको संविधान आजसम्म एक सय तीन पटक संशोधन भइसकेको छ । चीनमा पनि माओको नेतृत्वमा क्रान्ति सम्पन्न भई जारी भएको संविधान आठ पटक संशोधन भइसकेको छ । अमेरिकी संविधान चार दर्जन पटक संशोधन भइसकेको छ । बेलायतमा संसद्ले परम्परागत प्रचलनलाई परिमार्जन गर्ने धेरै ऐन जारी गरिरहेको छ । के नेपालमा संविधानमा देखिएको निर्वाचनसम्बन्धी प्रणाली, शासकीय स्वरूप आदिमा विचार गरेर निर्वाचनको बेलादेखि नै हुने भ्रष्टाचार रोकथामको कोसिस जरुरी छ । यो कामका लागि यथार्थमुखी र कर्तव्यमुखीले काम गरून् ।

अस्थिरतामा रमाउने र यस्तैलाई समर्थन गर्ने मतदाताको सोच बदल्न हुँदैन । संविधान संशोधन गर्नै हुँदैन भन्नेहरू नै अगुवाको दास भएर जीविका गर्ने पछुवा हुन् । यी नेता, दल र राजनीतिक व्यवस्थाबाट दिक्क भए । अब म निस्क्रिय हुनुबाहेक केही उपाय छैन भनी यही बेठिक सहेर बस्नेहरू भगुवा हुन् । यी पछुवा र भगुवाका कारण मुलुकमा यो अवस्था आएको हो । मुलुक बिगार्नमा यिनीहरूको पनि हात छ । निर्दोष व्यक्ति ती हुन् जो निःस्वार्थ भएर आफ्नो कर्तव्य गरिरहन्छन् । देखेभोगेको अनुभव निर्धक्क भनिरहन्छ, तिनीहरू यथार्थमुखी हुन् । तिनीहरू ज्यान नै हत्केलामा राखी सकेसम्म बचेर जनसमक्ष सत्य कुरा सम्प्रेषण गरिरहन्छन् । ती मात्र निर्दोषी देखिन्छन् ।

हुन त सत्य र ठिक कुरा मात्र सम्प्रेषण गरेको भरमा सुकरातले मृत्यु दण्ड पाए । आर्किमेडिज बहुलाह कहलिए । गान्धी गोलीका सिकार बने । माओ लिनपियाओको षडयन्त्रमा बारम्बार परे । नेपालको पनि विभिन्न समयमा निर्दोष र राम्रालाई तड् पाएको भनेर भीमसेन थापालाई नमुना देखाएको पाइन्छ । नयाँ पुस्ताका कलिलाहरू (जेन्जी) को आन्दोलनका नाममा अपराधपूर्ण कर्म भए । भ्रष्टाचारी तथा अगुवाबाहेकका मानिस, जो सत्य र ठिक जीवन बिताएका यथार्थ र कर्तव्यमुखी थिए, तिनीहरूलाई जानी नजानी तहसनहस पारी सजाय गरियो । यो पनि एक दिन इतिहासले मूल्याङ्कन गर्ने नै छ । जे होस् निर्वाचन हुँदै छ । सबैले स्वच्छ मनले निर्वाचनमा भाग लिएर देश र जनतालाई कल्याण हुने गरी जनताभन्दा जात ठुलो हैन, न्यायभन्दा नाता ठुलो हैन, सत्यभन्दा स्वार्थ ठुलो हैन भन्ने सिद्धान्त मानेर होहल्ला र नक्कली प्रचारबाट बचेर पाएसम्म राम्रा, नपाए कम खराब उम्मेदवारलाई जिताउने काम गरेमा आगामी दस वर्षमा नेपाल विकासको मूल बाटोमा अवश्य पुग्छ । निर्वाचनलाई नयाँ इतिहासको अवसरमा रूपान्तरण गरौँ । गोपबाट

# नेपाली सुरक्षा निकायहरूलाई पत्र



• प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ



नेपाली सेना दिवसको हार्दिक शुभकामना !

राष्ट्रको सार्वभौमसत्ता, अखण्डता र सुरक्षाका लागि समर्पित सम्पूर्ण नेपाली सेनाप्रति उच्च सम्मान र कृतज्ञता व्यक्त गर्दछु ।

हाम्रा प्रिय सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान जवानहरू,

देशको जटिल भौगोलिक बनावट, समय-समयमा देखिने राजनीतिक अस्थिरता, सुरक्षा सङ्गठनको समयअनुसार वृद्धि-विकास नहुनु र आधुनिक उपकरणहरूको कमीका बाबजुद पनि राष्ट्र र जनताको सुरक्षाका लागि तपाईंहरूले निर्वाह गरिरहनुभएको भूमिकाप्रति म हार्दिक सम्मान प्रकट गर्न चाहन्छु। सेवा सुविधा र पदोन्नतिका क्रममा हुने राजनीतिक हस्तक्षेपजस्ता चुनौतीहरूका बिच पनि तपाईंहरूले प्रदर्शन गर्नुभएको व्यावसायिकता, अनुशासन र समर्पण प्रशंसनीय छ।

हाम्रो समाजमा केही अस्थिरतावादी तत्त्वहरूले तपाईंहरूका बारेमा भ्रम सिर्जना गर्ने कोसिस गरेकाले सुरक्षा निकायको महत्त्वबारे केही विचार सार्वजनिक गर्ने क्रममा यो पत्र लेख्दै छु, ताकि तपाईंहरूको योगदानप्रति समाजमा थप सकारात्मक सन्देश जाओस्। साथै, यो लेख र पत्रले निकट भविष्यमा असहज परिस्थिति बिच सम्पन्न हुन गइरहेको आम निर्वाचन सफल पार्न तपाईँहरूमा अझ आत्मविश्वास, उत्साह र राष्ट्रसेवाको भावना अभिवृद्धि गरोस् भन्ने अपेक्षा राख्दछु।

राष्ट्र र जनताको सेवामा तपाईंहरूको समर्पण सधैँ सम्मानयोग्य रहनेछ।

एउटा मानव जन्मिनासाथ उसको पहिलो अधिकार बाँच्नु हो र त्यसपछि सुरक्षित रूपमा बाँच्नु हो। जीवनलाई अनुशासित र मर्यादित ढङ्गले अघि बढाउँदै जाने क्रममा मानिसको अन्तिम चाहना शान्तिसँग बाँच्न पाउनु नै हो। हाम्रो धार्मिक तथा सांस्कृतिक परम्परा अनुसार पनि प्रार्थनाको अन्त्यमा "शान्ति, शान्ति, शान्ति" उच्चारण गरिन्छ। एकजना धर्मगुरुले भन्नुभएको छ–विश्वका प्रत्येक मानव जाति शान्ति स्थापना गर्न चाहन्छन् र त्यसकालागि प्रयास गरिराखेका हुन्छन्। मानवताका मार्गबाट विचलित केही व्यक्ति वा समूह मात्र शान्ति भङ्ग गर्ने, शान्तिमा बस्न नचाहने, शान्ति नै मन नपराउने र समाजमा अशान्ति मच्चाइरहने गर्छन् । यो सन्देशले शान्तिको सर्वोच्च महत्त्वलाई झल्काउँछन्।

शान्ति बिना न व्यक्ति सुरक्षित रहन सक्छ, न समाज व्यवस्थित हुन सक्छ, न राष्ट्र समृद्ध हुन सक्छ। यही यथार्थलाई आत्मसात् गर्दै विश्वमा दिगो शान्ति स्थापना गर्न विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको स्थापना गरिएको छ। संयुक्त राष्ट्रसंघ लगायतका संस्थाहरूले द्वन्द्व न्यूनीकरण, मानवअधिकार संरक्षण र अन्तर ाष्ट्रिय सहकार्य प्रवर्द्धनमार्फत विश्व शान्तिको आधार निर्माण गर्ने प्रयास गरिरहेका छन्।

त्यसैले राष्ट्रहरूबिच सहकार्य, कूटनीति र अन्तर्राष्ट्रिय कानुनको पालनाबाट मात्र दिगो विश्व शान्ति सम्भव छ। विश्वका सुरक्षा निकायहरू यस दिशामा निरन्तर क्रियाशील छन्। यसरी हेर्दा, शान्ति मानव जीवनको आधारभूत आवश्यकता मात्र होइन, समग्र विश्व सभ्यताको मूल स्तम्भ हो।

देशभित्र राष्ट्रिय सुरक्षा तथा शान्ति स्थापना गर्न गरिने धेरै प्रयासहरूमध्ये शक्तिशाली सुरक्षा निकायहरूको अहम् उपस्थिति हुन्छ। राष्ट्रिय सुरक्षा र सुरक्षा निकायको अपरिहार्यता कुनै पनि राष्ट्रको स्थायित्व, शान्ति र समृद्धिका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ। सुरक्षा निकाय भनेका देशको आन्तरिक तथा बाह्य सुरक्षा सुनिश्चित गर्ने संस्थाहरू हुन्, जसमा सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागजस्ता निकाय पर्दछन्। यी निकायहरू बिना कुनै पनि राज्य सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन हुन सक्दैन।

सुरक्षा निकायको पहिलो र प्रमुख काम भनेको देशको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डताको रक्षा गर्नु हो। बाह्य आक्रमण वा आन्तरिक विद्रोहको अवस्थामा राष्ट्र र नागरिकको ज्यान-माल जोगाउने जिम्मेवारी यिनै निकायहरूको काँधमा हुन्छ। त्यसैगरी, कानुनको कार्यान्वयन, अपराध नियन्त्रण तथा शान्ति-सुरक्षा कायम राख्ने कार्यमा पनि सुरक्षा निकायको योगदान अत्यन्त ठुलो हुन्छ।

प्राकृतिक विपत्ति–जस्तै भूकम्प, बाढी, पहिरो वा महामारीको समयमा उद्धार, राहत र पुनःस्थापनामा सुरक्षा निकाय अग्रपंक्तिमा रहेर काम गर्छन्। यसले मानवता, अनुशासन र सेवाभावको उदाहरण प्रस्तुत गर्दछ।

सुरक्षा निकाय जनताको भरोसाको आधार हुन्। सक्षम, अनुशासित र उत्तरदायी सुरक्षा निकायले मात्र देशमा स्थायी शान्ति, विकास र सुशासन कायम गर्न सक्छन्। त्यसैले सुरक्षा निकायको सुदृढीकरण र सम्मान गर्नु सबै देशवासीको साझा दायित्व हो।

सांसद बन्न जनताको भोट चाहिन्छ, प्रधानमन्त्री बन्न सांसदहरूको सङ्ख्या चाहिन्छ; तर सफल सरकार सञ्चालन गर्न सुरक्षा निकायको पूर्ण सहयोग आवश्यक पर्छ। त्यसैले सुरक्षा निकायलाई क्षणिक राजनीतिक स्वार्थमा प्रयोग गर्नु हुँदैन। अर्कोतर्फ, नेताहरूले आफ्नो स्वार्थका लागि सेनालाई राजनीतिमा प्रवेश गराएर हस्तक्षेप गराएका देशहरूमा गृहयुद्ध र विखण्डन भएका धेरै उदाहरण छन्। त्यसैले संवेदनशील संस्थालाई जबर्जस्ती निहित स्वार्थका लागि राजनीतिमा धकेल्नु हुँदैन। स्वार्थभन्दा माथि राष्ट्रहित राखिनुपर्छ।

विकसित देशहरूका साथै हाम्रा छिमेकी मुलुकहरू–भारत र पाकिस्तानमा समेत सुरक्षा निकायको ठुलो सम्मान छ। ती मुलुकका जनता राष्ट्रिय सुरक्षाको विषयमा अत्यन्त संवेदनशील छन्। त्यहाँ सुरक्षा निकायप्रति सामान्यतः नकारात्मक सोच राखिँदैन। सुरक्षा संयन्त्र अत्यधिक हातहतियारले सुसज्जित हुनु राष्ट्रको मात्र होइन, आफ्नै गौरवको विषय ठानिन्छ। आफ्ना सेनाहरू माथि गरेका नकारात्मक टिप्पणी त्यहाँका जनता रुचाउँदैनन् ।

उदाहरणको लागि भारतमा सम्पन्न भएको आम चुनाव २०१९ ठिक अगाडि भारतीय जनता पार्टीको सरकारले पाकिस्तान नियन्त्रित काश्मिर पुलवामा सर्जिकल स्ट्राइक गरेको थियो। जसमा विपक्षी दल कांग्रेस आईले चुनाव अगाडि भारतीय जनता पार्टीको प्रोपोगाण्ड मात्र हो, त्यहाँ कुनै किसिमको सर्जिकल स्ट्राइक भएको छैन, यो झुटा सर्जिकल स्ट्राइक हो । यदि हो भने प्रमाण पेस गर भन्ने आवाज उठाएका थिए। त्यसपछि भारतीय जनता पार्टीले, काङ्ग्रेस आईले उठाएको सेनाको शक्तिमाथिको आशंकालाई चुनावी मुद्दा बनाए। सेनाले गरेको आक्रमणलाई झुट भन्ने, सेनाको शक्तिको प्रमाण माग्ने र सेनाको मनोबल गिराउने भन्दै सशक्त रूपमा मुद्दा उठाएपछि काङ्ग्रेस आई ले नराम्रोसँग चुनावमा हार बेहोर्नुपर्‍यो। त्यसको असर अहिलेसम्म भोगिराखेको देखिन्छ।

भारतमा सुरक्षा निकायको महत्त्वलाई आत्मसात् गर्दै मुम्बईमा प्रसिद्ध कलाकारहरूले प्रत्येक वर्ष सुरक्षाकर्मीहरूको सम्मानमा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गर्ने परम्परा रहिआएको छ। यसको भाव यही हो– "तपाईंहरूका कारण देश र हामी सुरक्षित छौँ।"

हाम्रा जवान तथा सिपाहीहरू,

गणतन्त्र स्थापना भएपछि केही नेताहरूको स्वार्थका कारण देशमा भ्रष्टाचार मौलायो, सुशासन कमजोर भयो र बेरोजगारी बढ्यो। देशले अपेक्षित राजनेता पाउन सकेन। जनता र नेताबिच विश्वासको खाडल झन् गहिरिँदै गयो। समाज भित्र स्वार्थ समूहहरू जन्मिए । समाज विद्रोहतर्फ उन्मुख भयो। नकारात्मक विचारले स्थान पाउन थाले। सामाजिक सञ्जालमा आक्रोश पोखिन थाल्यो। देशभित्र सुरक्षा चुनौती बढ्दै गयो । सुरक्षाको प्रत्याभूति दिने क्रममा सुरक्षा निकायबाट बल प्रयोग गर्ने स्थिति आयो। त्यसको कारणले तपाईंहरूमाथि नकारात्मक धारणा बन्न थाल्यो । दोष राज्य सञ्चालन गर्नेको थियो, तपाईँहरूको थिएन। यसरी बुझिदिनु होला।

तपाईँहरूले बुझ्नुपर्ने कुरा के छ भने केही समूहहरू सुरक्षाकर्मीलाई मात्र कमजोर बनाउन तिर लागेका छैनन्, तिनीहरू बिरामी बचाउन रातदिन खटिने चिकित्सकमाथि आक्रमण गर्छन् अनि शिक्षाको ज्योति दिने गुरुमाथि कालोमोसो दल्छन्। संसदलाई कानुन बनाउन नसक्ने अवस्थामा र न्यायालयलाई न्याय दिन नसक्ने अवस्थामा पुर्‍याइएको छ । यस्तो अवस्थामा तपाईंहरूमाथि आएका चुनौतीहरूबाट विचलित नहुनुहोला।

राजनीतिक हस्तक्षेप र सुरक्षा निकायभित्रका केही स्वार्थी प्रवृत्तिका कर्मचारीका कारण संगठन को मनोबल गिरेको हुनसक्छ । तर विचलित नहुनुहोस्।

विश्वासको वातावरण कमजोर बन्दै गएको अवस्थामा तपाईंहरूले गर्ने हरेक काम-कारबाही प्रजातन्त्रको मूल्य मान्यता

❖ बाँकी तेस्रो पृष्ठमा

आदरणीय मतदाता आमा-बुवा, दाजु-भाइ तथा दिदी-बहिनीहरु ,

नेपाली जनता लामो समयदेखि सामन्तवाद, साम्राज्यवाद र दलाल पूँजीवादको शोषण, दमन र अन्यायको चक्रमा पिल्सिँदै आएका छन् । जनताको त्याग, बलिदान र सशस्त्र संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रले नयाँ सम्भावनाको ढोका खोलेको भए तापनि आर्थिक असमानता, बेरोजगारी, कुशासन, भ्रष्टाचार र सामाजिक विभेद अझै अन्त्य हुन सकेको छैन । तसर्थ, नेपाली कम्युनिष्ट पार्टी जनयुद्ध, जनआन्दोलन र लोकतान्त्रिक संघर्षका उपलब्धिहरूको रक्षा गर्दै जनताको सार्वभौमसत्ता स्थापित गर्न प्रतिबद्ध छ । हाम्रो पार्टी उत्पीडित वर्ग, श्रमिक, किसान, महिला, दलित, आदिवासी-जनजाति, मधेसी, मुस्लिम तथा पिछडिएका समुदायको हक अधिकार सुनिश्चित गर्दै समाजवाद उन्मुख समावेशी राज्य निर्माण गर्ने महाअभियानमा जनतासँग हातेमालो गर्दै निरन्तर अघि बढिरहेको छ ।

अतः यस प्रतिबद्धता पत्रमार्फत, आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गरी जनताको जीवनस्तर उकास्ने, भ्रष्टाचारको निर्मूल गरी पूर्ण सुशासन कायम राख्दै सामाजिक न्यायसहितको समतामूलक समाज स्थापना गर्ने हाम्रो स्पष्ट दृष्टिकोण र कार्यक्रमहरू प्रस्तुत गरेका छौँ ।

२०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन नेपाली जनताका लागि केवल नेतृत्व परिवर्तनको प्रक्रिया मात्र नभई देशको समग्र सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको महत्वपूर्ण अवसर हो । विशेष गरी कोशी प्रदेश अन्तर्गत झापा निर्वाचन क्षेत्र नम्बर-२ ऐतिहासिक, भौगोलिक, आर्थिक र सामाजिक दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो । यही क्षेत्रको समग्र विकास, सामाजिक न्याय र समावेशी समाज निर्माणका लागि नेपाली कम्युनिस्ट पार्टीको प्रत्यक्षतर्फको उम्मेदवार, उपस्थित भएकी छु ।

म वि.सं. २०६४ सालमा झापा निर्वाचन क्षेत्र नम्बर-४ बाट अत्यधिक मतसहित विजय हासिल गरी मैले करोडौँ रुपैयाँको केन्द्रिय बजेट परिचालन गर्दै ग्रामीण पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि क्षेत्रमा महत्वपूर्ण कार्य गरेको इतिहास जनतामाझ स्मरणीय छ । सोही अनुभव, इमानदारी र प्रतिबद्धताको आधारमा झापा-२ को दिगो विकासका लागि निम्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने दृढ संकल्प व्यक्त गर्दछु ।

हाम्रो पार्टीको उम्मेद्वारलाई मतदान किन ?

-वर्तमान राष्ट्रिय संकटबाट देशलाई निकास दिन ।
-संघीय लोकतान्त्रिक गणतन्त्र लगायत पूँजीवादी, जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा गर्न ।
-संविधान संशोधनको माध्यमबाट जेन-जी पुस्ताको भावनासहित जनताका अग्रगामी एजेन्डालाई सम्बोधन गर्न ।
-प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख सहितको पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरी संघीयतालाई सबलीकरण गर्न ।
-भ्रष्टाचारीलाई कारबाही गरी सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि कायम राखी वैज्ञानिक समाजवादको आधार तयार पार्न ।
-राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, स्वाभिमान र स्वतन्त्रतालाई अक्षुण्ण राख्न ।
-स्वतन्त्र र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरी रोजगारी सिर्जना गर्न ।
-जलवायु परिवर्तनलाई मध्यनजर गर्दै पर्यावरणमैत्री विकास योजनाहरू तर्जुमा गर्न ।
-वर्तमान नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न ।
-कृषि तथा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूलाई बढावा दिन ।
-पर्यटन र जलविद्युतको विकासलाई प्राथमिकतामा राखेर विशेष योजना सञ्चालन गर्न ।
-सादा एवम् सरल जीवनशैली र पारदर्शी कार्यशैली अवलम्बन गर्न ।

हाम्रा प्रतिबद्धताहरु

१. शिक्षा, व्यापार र स्वास्थ्य : बिर्तामोडलाई क्षेत्रीय हबको रूपमा विकास

झापा-२ निर्वाचन क्षेत्रको दीर्घकालीन विकासका लागि शिक्षा, व्यापार र स्वास्थ्यलाई प्राथमिकताको आधार मानी बिर्तामोडलाई क्षेत्रीय हबको रूपमा विकास गरिनेछ । गुणस्तरीय सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा अनुसन्धान केन्द्र स्थापना गरिनेछ र हाल संचालनमा रहेका शैक्षिक केन्द्रहरुको सुधार र विकासका लागि पहल गरिनेछ । आफ्नो क्षेत्रमा रहेका सरकारी क्याम्पस र बिद्यालयको शैक्षिक गुणस्तर उकास्न बजेट छुट्याइने छ ।

यहाँ संचालन भएका अस्पतालहरुलाई अत्याधुनिक सेवा दिन सक्षम बनाइ विशेषज्ञ सेवा, मातृ-शिशु स्वास्थ्य कार्यक्रम, तथा गाउँ-गाउँमा आधारभूत स्वास्थ्य सेवा विस्तार गरिनेछ । यसैगरी भरपर्दा व्यापारिक केन्द्रको रुपमा विकसित बिर्तामोडको बजार सरसफाई, व्यावसायिक सुरक्षा र बजारको विकास गर्न मद्दत गरिनेछ । साथै यस क्षेत्रमा रहेका शनिश्चरे, बिर्तामोड, बिर्ताबजार, बुधबारे, गरामनी, खुदुनाबारी, चारपाने लगायतका बजारहरुलाई स्तरोन्नती गरी कृषि उपज लगायतका लागि भरपर्दो केन्द्र बनाउन सहयोग गर्ने ।

**२. धार्मिक तथा पर्यटकीय विकास**

अर्जुनधारालाई उत्कृष्ट धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्दै यस क्षेत्रमा रहेका मठ, मन्दिर, चर्च, गुम्बाहरुको सम्बर्धन गर्न सहयोग गरिने छ । साथै सालबारी, निचाझोडा, बिराटपोखरी, अर्जुधारा आदि धार्मिक तथा पर्यटकीय क्षेत्रलाई प्राकृतिक, सांस्कृतिक र ग्रामीण पर्यटन हबका रूपमा स्थापित गरिनेछ । यसबाट स्थानीय रोजगारी सिर्जना, घरेलु उद्योग प्रवर्द्धन तथा क्षेत्रीय अर्थतन्त्र सुदृढ हुनेछ ।

**३. चारपाने दक्षिण बेल्टमा औद्योगिक करिडोर**

चारपाने दक्षिण बेल्ट क्षेत्रमा औद्योगिक करिडोर विकास गरी साना, मझौला तथा ठुला उद्योगहरू स्थापना गरिनेछ । यसले हजारौँ युवाहरूलाई स्वदेशमै रोजगारी सृर्जना गर्नुका साथै औद्योगिकरण गर्न मद्दत पुग्नेछ ।

**४. मिटर ब्याजी समस्या समाधान र सहज कृषि ऋण**

मिटर ब्याजी समस्याबाट पीडित किसान तथा कृषि मजदुर हरुलाई राहत दिन कानुनी तथा संस्थागत उपाय अपनाइनेछ । सहकारी तथा सरकारी संयन्त्रमार्फत सहज, सस्तो र पारदर्शी कृषि ऋण उपलब्ध गराउने वातावरण सिर्जना गराइनेछ ।

५.समाज र परिवारबाट बहिष्कृत व्यक्तिको पुनर्स्थापना

समाज वा परिवारबाट बहिष्कृत महिला, बालबालिका, जेष्ठ नागरिक तथा पुरुषहरूका लागि उपयुक्त स्थानमा पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ । र हाल संचालनमा रहेका त्यस प्रकारका केन्द्रहरुको संरक्षणको नीति अघि सारिनेछ । पुनर्स्थापना केन्द्रमा रहने व्यक्तिहरुलाई सीपमूलक तालिम, मनोसामाजिक परामर्श र रोजगारीको व्यवस्था गरिनेछ ।

**६. परम्परागत उद्योगको संरक्षण र आधुनिकीकरण**

परम्परागत आरन तथा माटोजन्य उद्योगको संरक्षण र आधुनिकीकरण विस्थापित हुनलागेको परम्परागत आरन (हाते कुटो, कोदालो, हसिया, खुर्पा) लाई आधुनिक मेसिन सहितको उद्योगका रूपमा विकास गरिनेछ । यसले हाम्रो परम्परा जोगाउनुका साथै स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउनेछ ।

**७. खानेपानी र सिँचाई व्यवस्थापन**

खानेपानी र सिँचाई व्यवस्थापन सुरक्षित खानेपानी र व्यवस्थित कुलो, डिप वोरिङ तथा पैनी-सिँचाइ प्रणाली विस्तार गरी कृषि उत्पादन वृद्धिमा जोड दिइनेछ । यस क्षेत्रमा रहेका खानेपानी तथा खोला पैनी उपभोक्ता संस्थाहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

**८. प्राविधिक, रोजगार मुखी र प्रविधि मैत्रीशिक्षा**

सीप युक्त प्राविधिक शिक्षा, रोजगारमुखी र प्रविधि मैत्री शिक्षा सबै नागरिकको पहुँचमा पुऱ्याइनेछ । युवालाई आत्मनिर्भर बनाउन तालिम, स्टार्टअप सहयोग र नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ । यसका लागि बिभिन्न सहकारी संस्था तथा क्लवहरुसँग सहकार्य गरी आय-आर्जन तथा उत्पादनमा जोड दिइनेछ ।

**९. वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण**

वैदेशिक रोजगारमा जाने महिला तथा पुरुषलाई सहयोगको नाममा हुने ठगी, शोषण र विकृतिलाई रोक्न नीति-नियम परिमार्जन तथा कडा कार्यान्वयनका लागि पहल गरिनेछ ।

**१०.जन-सहभागितामूलक समाजवादको आधार**

यसका लागि आधार खडा गर्दै लैजान यस क्षेत्रमा २५ वटै वडामा स्थानीय आवश्यकताको पहिचान गर्दै जनसहभागितामार्फत् समाजवादको आधार तयार पार्न ठोस कार्य गरिनेछ । यसका लागि यहाँका युवा तथा दक्ष जनशक्ति सम्मिलित एक कार्यदल निर्माण गरेर त्यसको सुझाव अनुसार परियोजना निर्माण गरेर कार्य गरिनेछ ।

**११. महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र भूमि अधिकारको संरक्षण**

यो क्षेत्रमा रहेका महिला, दलित, आदिवासी जनजाति र अल्पसंख्यकको अधिकार संरक्षणका लागि बिबिध कार्य गरिनेछ । खासगरी उनीहरुलाई सम्मानयुक्त जीवन जिउने वातावरण तयार पारी त्यसका लागि आर्थिक रुपमा सक्षम र वैचारिक एवम् आत्मनिर्भर बनाउन समुहगत प्रणाली अपनाइनेछ । भूमिहीनहरुको हकअधिकारका लागि कार्य गरिनेछ । जसका लागि बिद्यमान भूमि ऐन संशोधन गरी दर्ता नभएका जग्गाको नापजाँच गरी धनीपुर्जा बितरण गर्ने कार्य गरिनेछ । त्यसका लागि सरकारद्धारा गठित आयोगसँग सहकार्य गरी व्यवस्थित बसोबास गर्न पहलकदमी लिइनेछ ।

**१२. युवाको नेतृत्व विकास र खेलकुद पूर्वाधार विस्तार**

सक्षम युवा नेतृत्वको विकासका लागि खेलकुद तथा स्व-अध्ययनको वातावरण तयार पारिनेछ । यसका लागि क्षेत्र स्तरिय युवा नेटवर्क बनाई त्यस मार्फत् ठोस कार्य गरिनेछ । युवाहरु माझ बढ्न सक्ने कुलतको अन्त्यका निम्ति यस क्षेत्रमा रहेका संस्थाहरुलाई नै सक्रिय तुल्याई आवश्यकता अनुसारका कार्य गरिनेछ । खुल्ला व्यायामशाला निर्माण र ससाना खेलमैदानलाई विस्तार गर्न मद्दत गरिनेछ । साथै बिर्तामोडमा रहेको डोमालाल राजवंशी रंगशालालाई स्तरीय र दिगो बनाउन आवश्यक पहल गरिनेछ ।

**१३. एक वडा, एक पुस्तकालय र सार्वजनिकस्थल निर्माण**

पठन संस्कृति विकास, सुशासन तथा पारदर्शिता एवम् मानवीय विकासका लागि कम्तीमा एक बडामा एक सार्वजनिक पुस्तकालय स्थापना गर्ने वा भएका पुस्तकालय संचालन गर्न बजेट बिनियोजन गरी मद्दत गर्ने । आफ्नो क्षेत्रमा रहेका सरकारी, गैरसरकारी संस्था, बैंक तथा वित्तीय संस्थामा अनिवार्य रुपमा मिनी लाइब्रेरी स्थापना गर्न पहल गर्ने ।

हरेक वडामा कम्तीमा एक स्थानलाई सार्वजनिक स्थल तय गरी त्यसै स्थानमा कार्यक्रम हलसहितको पुस्तकालय र सार्वजनिक पार्क बनाउने । जहाँ स्थानीय समुदाय, बालबालिका र बृद्धबृद्धाहरुलाई समेत सहजता र आनन्द हुनेछ ।

**१४. वातावरण संरक्षण र जलवायु अनुकूल विकास**

यस क्षेत्रमा रहेका सिमसार, बन तथा पोखरीहरुको संरक्षण र वातावरणको विकासका लागि स्थानीय समुदाय सँग मिलेर कार्य गर्ने नीति लिइनेछ । चुरे क्षेत्रको विनासका कारण भइरहेको भूक्षय रोक्न र खोला-नालाहरुमा हुने दोहन रोक्न बिशेष संरक्षण कार्ययोजना बनाइनेछ । त्यसै क्षेत्रमा रहेका टोल विकास समितिहरुसँग मिलेर वातावरण तथा पर्यावरण संरक्षणका निम्ति आवश्यक पहल गरिनेछ । जडीबुटी तथा कृषि उत्पादनमा जोड दिएर स्थानीय वातावरणमैत्री उद्योग स्थापना गर्न प्रेरित गरिनेछ ।

**१५. शान्ति, सुशासन र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता**

शान्ति र सुशासन कायम गर्दै भ्रष्टाचार बिरुद्ध स्थानीय जागरुकता आवश्यक पर्दछ । यसका लागि आ-आफ्नै तहबाट सक्रियता देखाउन आवश्यक हुन्छ । त्यसका निम्ति यस क्षेत्रमा रहेका नगरपालिका, गाउँपालिका, वडाहरु र बिभिन्न सरकारी, गैरसरकारी, वित्तीय क्षेत्रमा अभियान संचालन गर्ने वातावरण तयार पारिने छ । छिटो छरितो सेवाका लागि डिजिटल प्रणाली अवलम्बन गर्न र जनताको गुनासो सुन्ने र कर्मचारी जन सेवकहुन भन्ने भावना जागृत गराउन र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको अवस्था निर्माण गर्न पहल गरिनेछ । सरकारी कार्यालयहरुलाई अपांगमैत्री बनाउन पहल गरिनेछ ।

**१६. सूचना प्रबिधिको विकास र संचार माध्यम**

झापा जिल्लाको केन्द्रको रुपमा रहेर राजनीति, व्यापार, शिक्षा, स्वास्थ्यको हब बनेको यो क्षेत्र सूचना प्रबिधिको विकास र संचार क्षेत्रको पनि हबको रुपमा विकसित बन्दै गएको छ । तसर्थ यो क्षेत्रको थप विकास गर्न र पत्रकारिता क्षेत्रको पूर्वाधार विकासमा सहयोग गरिनेछ । कृषिबजार लगायतका क्षेत्रमा निःशुल्क वाइफाई विस्तार गर्न सहकार्य गरिनुका साथै टेलिकम प्रणालीलाई भरपर्दो बनाउन पहल गरिनेछ ।

**१७) सडक तथा भौतिक पूर्वाधार विकास**

यो क्षेत्रले महेन्द्र राजमार्ग देखि मदन भण्डारी राजमार्गसम्मलाई छोएको छ । यसरी हेर्दा यस क्षेत्रमा मूल सडक संजालको विकास भएको देखिन्छ । साथै पुरानो इलामबाट झापा झर्ने खुदुनाबारी सडक, लक्ष्मीपुर-घैलाडुब्बा, दुर्गापुर-सुखानी, चन्द्रगढी-बिर्तामोड, बिर्ताबजार-घैलाडुब्बा, चारपाने-राजगढ, चारपाने-शनिश्चरे, बुधबारे- खुदुनाबारी, बिर्तामोड-सुखानी, मेची राजमार्गको चारआली-बुधबारे खण्डले पनि यो क्षेत्रलाई छोएको छ । पूर्व पश्चिम र उत्तर दक्षिणका सबै क्षेत्रलाई जोडेर अन्य ठुला, साना सडकले झापा २ लाई जोडेको छ । तसर्थ ती सडकहरुको स्तरोन्नती र अन्य साना ग्रामीण सडकहरुको निर्माणमा जोड दिइनेछ । खुदुनाबारी जोड्ने बिरिङ खोलाको पुल निर्माण पहिलो प्राथमिकतामा रहनेछ । साथै अन्य आवश्यक सडक बनाउन बजेट बिनियोजन गर्न स्थानीय समुदायसँग सहकार्य गरिनेछ । अदुवा खोला करिडोर निर्माण र हरियालीलाई प्राथमिकतामा राखिनेछ ।

**१८) कला, भाषा, साहित्यको विकास**

यो क्षेत्र, कला, भाषा, साहित्य क्षेत्रमा निक्कै अगाडि रहेको छ । आदिवासीहरुको संस्कृति र भाषाका आधारमा पनि यो धैरै अगाडि छ । यहाँ ख्यातिप्राप्त साहित्यकारहरु पनि धैरै हुनुहुन्छ । तसर्थ यो समग्र क्षेत्रका विकास, उत्थान र प्रवर्धनका लागि यस क्षेत्रमा रहेका पालिकाहरुलाई नीति निर्माण गर्न प्रेरित गरिनेछ । र, त्यो क्षेत्रका मानिसहरुलाई पुरस्कृत गर्न जोड दिइनेछ । बिभिन्न जातिको लिपिको संरक्षण साथै घैलाडुब्बामा रहेको आदिवासी संग्रहालयलाई संरक्षण, विकास र सुधार गर्न बिशेष योजना बनाइनेछ । रैथाने खाना, कला, पहिरन र अन्य संस्कृतिको प्रवर्धनका लागि उनीहरुसँग मिलेर काम गर्ने वातावरण बनाइनेछ । यसैगरी एक पालिका एक संग्रहालय बनाएर आफ्नो भौगोलिक इतिहास संरक्षण गर्न पहल गरिनेछ ।

**१९. सभ्य शहर, समुन्नत ग्रामीण बस्ती**

हाम्रो देश सहर र ग्रामीण क्षेत्र मिलेर बनेको छ । यो क्षेत्रमा रहेका मुख्य सहर तथा बजारहरुको आफ्नै खाले बिशेषता रहेको छ भने ग्रामीण क्षेत्रको अलग्गै पहिचान छ । तसर्थ एक क्षेत्रको विकासले मात्र समग्र विकास हुँदैन तसर्थ ग्रामीण पहिचान कायम राख्न विकासको नयाँ अवधारणा अघि सारिनेछ । सहरसँग ग्रामीण उत्पादन जोड्दै ढल निकास र सहरको सौन्दर्य विकास गर्न स्थानीय समुदायसँग सहकार्य गरिनेछ । सहरलाई सभ्य र भव्य बनाउन फोहोर मैला प्रशोधन कारखाना स्थापना गर्न र नगरहरु बिच आपसी सहकार्यमा लगानी गर्ने वातावरण तयार पार्ने कार्य गरिनेछ ।

**२०. कृषि, पशुपालन र दुग्ध उत्पादनको जोड**

खासगरी यस क्षेत्रका ग्रामीण भाग र वन जंगल नजिकका क्षेत्रमा पशुपालनको सम्भावना बढी छ । बुद्धशान्ति गाउँपालिका क्षेत्र र अर्जुनधाराको उत्तरी क्षेत्र यसका लागि प्रख्यात छ । ती क्षेत्रमा गाईबस्तु, बाख्रा, सुंगुर जस्ता बस्तुपालन गर्न किसानलाई प्रेरित गरिनेछ भने दुध उत्पादन बढाउन र मल बिऊको सहज उपलब्धताका लागि पहल गरिनेछ । सुपारी खेती र सब्जी खेती गर्न किसानलाई प्राबिधिक ज्ञान र बजार विस्तार गर्न लागिनेछ । पशु बिमालाई प्रभावकारी बनाएर सक्षम किसान बनाउन जोड दिइनेछ । ती उत्पादनलाई बजारसँग जोड्न कृषि फार्महरु र कृषि सहकारी संस्थाको संरचना सुधार र गोठ सुधारमा जोड दिइनेछ ।

अन्त्यमा

यी सबै कार्यक्रमहरू केवल चुनावी प्रतिबद्धता मात्र नभई, विगतको कार्यअनुभव, वैचारिक स्पष्टता र जनताप्रतिको जिम्मेवारीबाट उत्पन्न विकासका योजनाहरू हुन् । यद्यपि भौतिक विकासले मात्र देशको समग्र विकास सम्भव नहुने भएकाले मानवीय चेतना अभिवृद्धिका लागि पनि जोड रहनेछ । यसका लागि निरन्तर कार्य गर्ने, आफ्नो भूगोलको इतिहास बचाउन र यस क्षेत्रको गौरवलाई कायम राख्न बचन बद्धता प्रकट गर्दछु । साथै यसका लागि यहाँहरुले देखाउनु भएको सद्भाव र सहयोग प्रति आभार प्रकट गर्दै आगामी दिनमा यस क्षेत्रको जनप्रतिनिधि भएर सेवा गर्ने अवसर प्रदान गरिदिनु हुने विश्वास व्यक्तगर्दछु ।

झापा निर्वाचन क्षेत्र नम्बर-२ लाई समुन्नत, न्यायपूर्ण र समृद्ध बनाउने यात्रामा जनताको विश्वास, साथ र सहभागितासहित अघि बढ्ने दृढ संकल्पका साथ विनम्र अनुरोध गर्दछु ।

**क्रान्तिकारी अभिवादन**

**धर्मशिला चापागाईं,**
**उम्मेद्वार**
**प्रतिनिधि सभा सदस्य**
**निर्वाचन क्षेत्र नम्बर-२, झापा**

---

## नेपाली...

आत्मसात् गर्दै र मानव अधिकार को संरक्षण गर्दै , देशको नियम कानुनअनुसार हुनुपर्छ। द्वन्द्व, भीड र आन्दोलन नियन्त्रण सुरक्षा कार्यविधिअनुसार हुनुपर्छ। जुनसुकै तहको बल प्रयोग पनि प्रक्रियागत हुनुपर्छ। प्रक्रियागत गरेका कार्यहरू जनताले सजिलैसँग ग्रहण गर्दछन्। प्रमाण र भिडियो अभिलेख सुरक्षित राख्नुपर्छ, ताकि भविष्यमा कसैले तपाईंहरूलाई अन्यायपूर्वक फसाउन नसकोस्। देश परिवर्तनको संघारमा छ। आशा छ–जनता र तपाईंहरूको संगठनले भविष्यमा सकारात्मक निकास पाउनेछ।

प्रिय जवानहरू, भदौ २३ र २४ गते जेनजी विद्रोहमा नागरिक तथा भौतिक संरचना जोगाउन नसकेको विषयमा प्रश्न उठेको छ। यी घटनाहरूको सम्बन्धमा सुरक्षा विज्ञहरूका बहसको सारांश, बुँदागत रूपमा प्रस्तुत गर्न गइरहेको छु।

सामाजिक सञ्जालमार्फत जेनजी पुस्ताले विरोध प्रदर्शन गर्दै छ भन्ने जानकारी पहिले नै सार्वजनिक थियो। जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट त्यसको लागि पूर्व स्वीकृति लिइएको थियो। भदौ २३ गते माइतीघरमा भेला हुने कार्यक्रम स्पष्ट रूपमा सार्वजनिक गरिएको थियो। आन्दोलनबारे कुनै कुरा लुकीछिपी थिएन, सूचना प्रस्ट थियो।

जब भदौ २३ गते जुलुस संसद् भवनतर्फ अगाडि बढ्यो, सधैँझैँ सडकमा विभिन्न तहमा ब्यारिकेट राखिएको देखिएन। यदि तह तहमा ब्यारिकेट राखिएको भए, तोडिनुभन्दा पहिले माइकिङ गर्न सकिन्थ्यो, अश्रुग्यास प्रहार गर्न सकिन्थ्यो, पानीको फोहरा प्रयोग गर्न सकिन्थ्यो। मानौं, जुलुस ब्यारिकेट तोड्दै संसद् भवनको गेट अगाडि पुगिसकेको भए हवाई फायर गर्न सकिन्थ्यो। त्यसले पनि नियन्त्रणमा नआएको भए रबरको गोली प्रहार गर्न सकिन्थ्यो। त्यसपछि पनि नियन्त्रण गर्न नसकिएको अवस्थामा खुट्टामा गोली हान्न सकिन्थ्यो। त्यसले पनि नियन्त्रण गर्न गाह्रो भएको भए बालबालिकाले आफ्नै संसद् भवन नियन्त्रणमा लिएको खुसीयालीमा केहीबेर रमाउँदै, सेल्फी खिचेर घर फर्किन्थे होला।

अमेरिकामा डोनाल्ड ट्रम्प समर्थकले क्यापिटल हिल नियन्त्रणमा लिँदा पनि अमेरिकी सरकार संयमित देखिएको थियो। त्यहाँ कुनै अप्रिय दुर्घटना हुन पाएन ।

आक्रोश, भिड, आन्दोलन, विद्रोह र लडाइँलाई रणनीतिक माध्यमबाट जित्न वा क्षति न्यूनीकरण गर्न सकिन्छ। तर जेन्जी आन्दोलनबारे सुरक्षा समितिको बैठक नै बसेन, सुरक्षा समितिले रणनीति नै बनाएन भन्ने प्रश्न उठेको छ। तत्कालीन प्रधानमन्त्री भदौ २२ गते गोदावरीमा आफ्ना कार्यकर्ताहरूको भिड देखेर आफूलाई सर्वशक्तिमान् ठानेर जेनजीलाई ललकार्दै आन्दोलनलाई झन् उक्साइरहेको जस्तो देखिन्थ्यो। तत्कालीन गृहमन्त्री आईजीपीसमेत लिएर संसदभित्रै छलफलमा थिए, तर आन्दोलनकारीले संसद् भवन घेरेको थाहा पाएनन्।

भदौ २४ गते साँझ ५ बजे सर्वदलीय बैठक डाकियो। कर्फ्यु आदेश जारी भएको देखिएन। सुरक्षा परिषद् को बैठक बसेको सुनिएन। प्रक्रियागत रूपमा सेना सञ्चालन गर्न आदेश दिएको प्रमाण देखिएन।जबकि भदौ २३ गते बालबालिकामाथि गोली चलेपछि भदौ २४ गते ठुलो आँधीबेहरी आउने सङ्केत अधिकांश नेपालीले बुझिसकेका थिए, तर सरकार संवेदनशील देखिएन। तत्कालीन प्रधानमन्त्रीले संसद् भवन अगाडि बालबालिका गोलीबाट ढालेदेखि आफ्नो राजीनामा नआउँदासम्म कुनै किसिमको क्षति न्यूनीकरण गर्ने प्रयास गरेको देखिएन। त्यसैले भदौ २३ र २४ मा भएका घटनाहरूको सम्पूर्ण दोष तपाईंहरूप्रति औंल्याएर जिम्मेवार व्यक्तिहरू उम्कन पाउने छैनन् ।

अन्तमा, गौरवमय इतिहास बोकेको सुरक्षा निकायलाई कमजोर बनाउन केही स्वार्थ समूहहरूले सामाजिक सञ्जालमा राख्ने नकारात्मक टिप्पणीले विचलित हुनुहुँदैन। तपाईंहरू धर्म नछोडी, आफ्नो कर्तव्यमा अनुशासित र मर्यादित भई निर्वाचन सम्पन्न गराई देशमा सधैँ शान्ति स्थापना गर्न अग्रसर रहनुहोस्। नेपाली जनता सधैँ तपाईंहरूको साथमा हुनेछ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ